बर्दिबास नगरपालिका

# व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७८

बर्दिबास नगरपालिका

बर्दिबास

२ नं. प्रदेश, नेपाल

# व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७८

बर्दिबास नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिबास, महोत्तरी मधेश प्रदेश, नेपाल २०७३

**प्रस्तावना :**

नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने व्यवसायहरुको दर्ता, नवीकरण, नियमन र खारेजी तथा व्यवसायहरुको बर्गीकरण सम्बन्धी विषयमा प्रकृयागत स्पष्टता ल्याई व्यवसायमैत्री वातावरण निर्माण गर्न र व्यवसाय करलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

बर्दिबास नगरपालिका नगर कार्यपालिकाको मिति २०७८।०५।०४ को बैठकले नगरपालिकाको स्थानीय सरकार सन्चालज ऐन, २०७४को दफा १०२ बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७८" रहेकोछ।

(२) यो कार्यविधि नगरपालिका क्षेत्रभर लागू हुनेछ र ऐन र यस कार्यविधि बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ।

(३) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) **"कर"** भन्नाले ऐन र यस कार्यविधि बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, व्यवसायको प्रकृति र आर्थिक कारोवारका आधारमा बर्गीकरण गरी दर्ता र नवीकरणमा लगाउन सक्ने व्यवसाय करलाई सम्झनुपर्छ र यो शब्दले व्यवसाय करको अतिरिक्त प्रचलित कानून बमोजिम सोमा लाग्ने ब्याज वा हर्जाना वा शुल्क वा जरिवाना समेतलाई जनाउँछ।

(ग) **"कर अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी प्राप्त प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रत्यायोजित अधिकार प्रयोग गर्ने नगरपालिकाको कर्मचारीलाई समेत जनाउँछ।

(घ) **"कर एकाइ"** भन्नाले गाउँ/नगरपालिकामा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने जिम्मेवारी प्राप्त कार्यपालिकाको कार्यालय अन्तरगतको विभाग महाशाखा शाखा उपशाखा वा राजस्व प्रशासनका लागि गठन गरिएको प्रशासनिक एकाइ सम्झनु पर्छ।

(ङ) **"करदाता"** भन्नाले ऐन र यस कार्यविधि बमोजिम कर तिर्नुपर्ने दायित्व भएका व्यक्ति, फर्म वा संस्थालाई सम्झनु पर्दछ र यो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारबाही शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।

(च) **"कार्यपालिका"** भन्नाले बर्दिबास नगर कार्यपालिकालाई सम्झनु पर्दछ।



२०७८।५।१०
रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

(छ) **"कार्यविधि"** भन्नाले व्यबसाय कर सम्बन्धी कार्यविधि, २०७८ सम्झनु पर्दछ ।

(ज) **"कार्यालय"** भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ र यो शब्दले नगरपालिकाको संगठन संरचनामा रहेको विभाग/महाशाखा/शाखा/उपशाखा वा राजस्व प्रशासनका लागि गठन गरिएको प्रशासनिक एकाई वा वडा कार्यालय समेतलाई जनाउँछ।

(झ) **"नगरपालिका"** भन्नाले बर्दिबास नगरपालिका सम्झनु पर्दछ ।

(ञ) **"व्यवसाय"** भन्नाले नगरपालिका क्षेत्रभित्र संचालन गरिने कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार सम्झनु पर्दछ ।

(ट) **"वडा कार्यालय"** भन्नाले नगर कार्यपालिका अन्तर्गतको वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(ठ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त वा नेपाल सरकारले तोकिएको नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## व्यवसाय दर्ता, नवीकरण र बर्गीकरण सम्बन्धी व्यवस्था

३. **दर्ता गरी व्यवसाय सञ्चालन गर्नुपर्ने :** (१) नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अभिलेख प्रयोजनको लागि नगरपालिकामा व्यवसाय दर्ता गर्नुपर्नेछ ।

तर, व्यवसाय सञ्चालन गर्नुपूर्व प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमति लिनुपर्ने अवस्थामा सम्बन्धित निकायबाट अनुमति लिनुपर्ने दायित्व सम्बन्धित व्यवसाय सञ्चालन गर्ने व्यक्तिको हुनेछ ।

(२) यो कार्यविधि प्रारम्भ हुनु अगावै नगरपालिकामा दर्ता नगरी सञ्चालन भैरहेका व्यवसाय समेत यस कार्यविधि बमोजिम अनिवार्य रुपमा दर्ता गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवसाय दर्ता गर्ने प्रयोजनका लागि कार्यालयले निश्चित अवधि तोकी व्यबसाय दर्ता गराउनका लागि **अनुसूची-१** बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचनालाई कार्यालयले रेडियो, टेलिभिजन, पत्रपत्रिका लगायत अन्य उपयुक्त संचार माध्यमद्वारा प्रचार प्रसारको व्यबस्था मिलाउन सक्नेछ ।

(५) उपदफा (२) बमोजिम दर्ता नगरी सञ्चालन भएका व्यवसायलाई कार्यालयले निजले तिर्नु पर्ने कर असुल उपर गरी व्यवसाय बन्द गर्न/गराउन सक्नेछ ।

४. **व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने :** (१) गाउँ/नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले **अनुसूची-२** मा उल्लिखित ढाँचामा कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त दिँदा देहायका विवरण तथा कागजात समेत संग्लन गरेको हुनुपर्नेछ :

(क) व्यवसायीको नेपाली नागरिकताको प्रतिलिपि

(ख) प्रचलित कानून बमोजिम अन्य निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि

(ग) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ङ) कार्यालयले तोकेको अन्य विवरण तथा कागजातहरु

(च) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो ।

(छ) भारतीय नागरिक भए भारतीय नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आधार कार्डको प्रतिलिपि

(३) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएपछि कार्यालयले सो उपर आवश्यक जाँचबुझ गरी आर्थिक ऐनमा तोकिए बमोजिमको दर्ता शुल्क लिई व्यवसाय दर्ता गर्नेछ ।

(४) उपदफा (३) बमोजिम व्यवसाय दर्ता भएपछि कर एकाईले दर्ता भएको व्यवसायको विवरण **अनुसूची-३** बमोजिमको व्यंवसाय दर्ता किताबमा उल्लेखगरी व्यबसायको लगत कायम गर्नेछ ।

(५) उपदफा (३) बमोजिम व्यवसाय दर्ता भएपछि कर एकाईले निवेदकलाई **अनुसूची-४** को ढाँचामा व्यवसाय दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ ।

(६) वडा कार्यालयमै व्यवसाय दर्ता गर्ने व्यबस्था मिलाइएको अवस्थामा यस दफा बमोजिम व्यबसाय दर्ताको लागि दरखास्त लिने र व्यबसाय दर्ता गरी प्रमाणपत्र दिने कार्य सम्बन्धित वडा कार्यालयले गर्नेछ ।

(७) उपदफा (६) बमोजिम दर्ता भएका व्यबसायहरुको विवरण मासिक रुपमा कर एकाइमा पठाउनु पर्नेछ ।

(८) कुनै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एकभन्दा बढी स्थानमा व्यवसाय सञ्चालन गर्नुपर्ने भएमा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक छुट्टाछुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ ।

(९) एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानी कर असूल गरिनेछ ।

(१०) कार्यालयले यस दफा बमोजिम दर्ता भएका व्यवसायको प्रमाणपत्रको प्रतिलिपि सहित दर्ता सम्बन्धी विवरण चौमासिक रुपमा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयलाई समेत पठाउनु पर्नेछ ।

५. **व्यवसाय नवीकरण गर्नुपर्ने** : (१) दफा ४ बमोजिम दर्ता भएका व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी ब्यवसायको नवीकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर चुक्ता गरी नवीकरण गराउने कार्य प्रत्येक आर्थिक वर्ष भित्र गराई सक्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम करचुक्ता गरी नविकरण गर्ने कार्य चालु आर्थिक वर्षको आश्विन मसान्त भित्र गर्ने करदातालाई नगरपालिकाको प्रचलित कानून बमोजिम छुट सुविधा उपलब्ध गराउन सकिनेछ ।

६. **घुम्ती सेवा सञ्चालन गर्न सकिने :** (१) कार्यालयले यस कार्यविधि बमोजिम व्यवसायको दर्ता, नवीकरण र खारेजी सम्बन्धी कार्यको सहजताको लागि व्यवसायीलाई पायक पर्ने स्थानमा घुम्ती सेवा सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको घुम्ती सेवा सञ्चालनका लागि नगरपालिकामा क्रियाशील व्यवसायिक तथा पेशागत संघ–संस्थाहरुसँग समन्वय गर्न सक्नेछ ।

७. **व्यबसायको बर्गीकरण सम्बन्धी व्यबस्था :** (१) नगरपालिकाले व्यबसाय कर प्रयोजनका लागि आफ्नो क्षेत्रभित्र सञ्चालन हुने व्यबसायलाई व्यबसायको किसिम, कारोबार तथा पूँजी लगानी एवं स्थानगत अवस्था समेतका आधारमा **अनुसूची -५** मा उल्लिखित ढाँचामा वर्गीकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्ने कार्य व्यबसाय दर्ता गर्दाकै बखत गरिने र सोको व्यहोरा व्यबसाय प्रमाणपत्रमा नै उल्लेख गनुपर्नेछ ।

(३) कर अधिकृतले व्यबसाय कर निर्धारण गर्दा उपदफा (१) बमोजिम कायम गरिएको वर्गीकरणलाई आधार मानी गर्नुपर्नेछ ।

(४) उप दफा १ बमोजिम कर अधिकृतले व्यबसाय कर निर्धारण गर्दा नगरपालिकाले उपलब्ध गराएको फारम भरी आफ्नो कारोवारको स्वघोषणको आधारमा अनुसूची -८ मा उल्लिखित ढाँचामा फरम भरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) उपदफा ४ बमोजिम मूल्याँकन गर्दा उपदफा १ बमोजिको प्रमाण -पत्रमा उल्लेख भएको व्यवसायको वर्गिकरण परिवर्तन हुने देखिएका र व्यवसायीले वर्गिकरण संशोधन गर्न चाहेमा कर अधिकृतले प्रमुख प्रशासकिय अधिकृतको स्वकिृतमा परिवर्तन गरिदिनु पर्ने छ ।

## परिच्छेद - ३

## विवरण हेरफेर सम्बन्धी व्यबस्था

८. **विवरण हेरफेर भएमा जानकारी गराउनुपर्ने :** (१) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेश गरेका विबरणमा हेरफेर, परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको कारण परेको मितिले तीस दिनभित्र निवेदन मार्फत कार्यालयमा जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिव देखिएमा निवेदन परेको पैतीस दिनभित्र विबरण हेरफेर भएको कारण व्यबसायको प्रकृति र कारोबार गर्ने वस्तु तथा सेवाको किसिममा संशोधन हुने रहेछ भने सो प्रकृतिको व्यवसायको लागि तोकिएको कर रकम र विवरण हेरफेर वापत आर्थिक ऐनमा तोकिएको दस्तुर लिई विवरण संशोधन गरिदिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संशोधन गरिएको विवरणको व्यहोरा कर एकाइले व्यवसाय दर्ता किताब र प्रमाणपत्रमा समेत उल्लेख गरी सोको विवरण पन्ध्र दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम व्यवसायको प्रकृति र कारोबार गर्ने वस्तु तथा सेवाको किसिममा परिवर्तन भै कायम हुने नयाँ प्रकृतिको व्यवसायको कर साविकको प्रकृतिको व्यवसायको निमित्त तोकिएको करभन्दा बढी लाग्ने भएमा सो फरक रकम मात्र असुल गरिनेछ र कम लाग्ने अवस्थामा

आगामी आर्थिक वर्षदेखि नयाँ कायमि [illegible] कर लिने गरी चालु आर्थिक वर्षको हकमा साविककै प्रकृति बमोजिम कर असुल गरिनेछ ।

(५) यस दफा बमोजिम विवरण हेरफेर सम्बन्धी कार्य वडा कार्यालय मार्फत हुने व्यवस्था मिलाइएको अवस्थामा हेरफेर भएको विवरण पन्ध्र दिनभित्र कर एकाइ र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

९. **साझेदार थपघट र ठाउँसारी सम्बन्धी प्रकृया** : (१) एक व्यक्ति वा एकभन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न गरी कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित कर एकाइले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी आर्थिक ऐनमा तोकिएको दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिले साझेदार थपघट सम्बन्धी विवरण कायम गरी सोको जानकारी सम्बन्धित व्यबसायी र वडा कार्यालयलाई समेत दिनु पर्नेछ ।

(३) गाउँ/नगरपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको व्यवसाय गाउँ/नगरपालिका क्षेत्रभित्र कै अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा कर एकाईले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी कार्यालयको लगत तथा व्यवसाय दर्ता प्रमाणपत्रमा समेत विवरण अध्यावधिक गरिदिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम ठाउँसारी भएको जानकारी सम्बन्धित वडा तथा साविकको वडा कार्यालय र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयलाई समेत दिनुपर्नेछ ।

(५) गाउँ/नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको व्यवसाय गाउँ/नगरपालिका क्षेत्रभन्दा बाहिर अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा कर एकाईले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी कार्यालयको लगतमा विवरण अध्यावधिक गरी ठाउँसारी जाने स्थानीय तहलाई लेखी पठाई सोको जानकारी सम्बन्धित व्यबसायी र वडा कार्यालयलाई समेत दिनु पर्नेछ ।

(६) उपदफा (२), (४) र (५) बमोजिमको जानकारी प्राप्त भएपछि सम्बन्धित वडा कार्यालयले आफ्नो व्यवसाय लगत किताबमा विवरण जनाई लगत अध्यावधिक गर्नु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम लगत खारेजको लागि लेखी गएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गराउनु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

१०. **विवरण माग गर्न र निर्देशन दिनसक्ने** : (१) कुनै पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा विवरण बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले निजलाई आधार र कारण खोली विवरण दाखिला गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले तीस दिनभित्र कर एकाइमा विवरण दाखिला गर्नु पर्नेछ ।

([illegible]) उपदफा (२) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार कारण [illegible]ली समयावधी थपको लागि निवेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले औचित्य हेरी तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ ।

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

(४) यस कार्यविधि बमोजिम दर्ता भएको पेशा वा व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ र यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ।

## परिच्छेद ४

## कर बुझाउने दायित्व, कर निर्धारण र कर दाखिला

११. **कर बुझाउने दायित्व :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको व्यापार, व्यबसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा बर्गीकरण गरी व्यबसाय दर्ता र नवीकरणमा नगर सभाद्वारा स्वीकृत आर्थिक ऐनले तोकेको दरमा व्यबसाय कर लगाउने र उठाउनेछ।

(२) ऐन र यस कार्यविधि बमोजिम व्यवसाय कर बुझाउने दायित्व व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा निजको प्रतिनिधीको हुनेछ।

(३) कुनै व्यबसायको सम्बन्धमा उपदफा (२) बमोजिम कर बुझाउने दायित्व एकभन्दा बढी व्यक्ति उपर रहेछ भने कर बुझाउने दायित्व सबैको समान हुनेछ र उनीहरुमध्ये आपसी सहमतीको जुनसुकै व्यक्तिले कर बुझाउन सक्नेछ।

तर, सबै करदाताबाट दामासाहीले भाग गरी कर असुल गरिने छैन।

(४) ऐन र यस कार्यविधि बमोजिम कर तिर्नुपर्ने व्यक्ति नाबालक रहेछ भने निजले बुझाउन पर्ने कर निजको अभिभावक वा निजको संरक्षकले तिर्नुपर्नेछ।

(५) ऐन र यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गराउने, तोकिएको समयमा विबरण पेश गर्ने, बुझाउनु पर्ने कर तथा शुल्क वा जरिवाना वा व्याज हर्जाना समयमै दाखिला गर्ने, कर अधिकृत वा कार्यालयले माग गरेको सूचना वा तथ्यांक समयमै उपलब्ध गराई सहयोग पुर्‍याउने दायित्व समेत करदाताको हुनेछ।

१२. **कर निर्धारण :** (१) करदाताले दफा ४ बमोजिम व्यबसाय दर्ता गर्दा पेश गरेको विबरण र परिच्छेद ३ बमोजिम हेरफेर भएको विबरण समेतका आधारमा कर अधिकृतले कर निर्धारण गर्नेछ।

(२) यस कार्यविधि बमोजिम करदाताले पेश गरेको बिवरण गलत वा झुठो देखिएमा वा विबरण यथार्थ देखाएको भनी विश्वास गर्न सकिने मनासिब कारण नदेखिएको अवस्थामा कर अधिकृतले कर परिक्षण गरी कर निर्धारण गर्नसक्नेछ।

(३) उपदफा (२) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा कर अधिकृतले करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न पन्ध्र दिनको सूचना दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ।

(५) कर अधिकृतले उपदफा (४) बमोजिम तोकिएको म्यादभित्र स्पष्टीकरण पेश गरेकोमा सो समेतलाई आधार मानी तथा स्पष्टीकरण पेश नगरेको अवस्थामा यस दफा बमोजिम कर निर्धारण गर्नु पर्नेछ।

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

१३. **कर निर्धारणको सूचना** : (१) दफा १२ बमोजिम कर अधिकृतबाट कर निर्धारण भएपछि करदाताले बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी अनुसूची ६ बमोजिमको ढाँचामा करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको बैंक खातामा कर दाखिला गरेको अवस्थामा करदाताले त्यसको बैंक भौचर कार्यालयमा बुझाउनु पर्नेछ।

(४) कार्यालयले यस कार्यविधि बमोजिम निर्धारण गरिएको कर विद्युतीय माध्यमबाट समेत भुक्तानी गर्ने व्यवस्था मिलाउन सक्नेछ।

१४. **कर दाखिला गर्नुपर्ने** : (१) करदाताले ऐन र यस कार्यविधि बमोजिम प्रत्येक आर्थिक वर्षको निमित्त तिर्नुपर्ने कर रकम सोही आर्थिक वर्षको आषाढ मसान्तभित्र कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि करदाताले चाहेमा कुनै आर्थिक बर्षको कर रकम कार्यालयले तोकेको बैंक खातामा अघिल्लो वर्षमा समेत दाखिला गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अग्रिम रुपमा कर दाखिला गर्दा पाउने छुट सुविधा नगरपालिकाको प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

१५. **कर दाखिलाको निस्सा दिनुपर्ने** : करदाताले ऐन र यस कार्यविधि बमोजिम बुझाउनु पर्ने कर रकम दाखिला गरेपछि कार्यालयले करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

१६. **कर असूली सम्बन्धी व्यवस्था** : (१) ऐन र यस कार्यविधि बमोजिम असूल उपर गर्नुपर्ने कर वापतको रकम करदाताले दफा १४ बमोजिम तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका अपनाई कर असूल गर्न सक्नेछ :

(क) करदातालाई फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर।

(ख) नेपाल सरकार, प्रदेश सरकार, गाउँ/नगरपालिका वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर।

(ग) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर।

(घ) करदाताको कारोबार रोक्का गरेर।

(ङ) करदाताको चल तथा अचल सम्पत्ति दावी वा रोक्का गरेर।

(च) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिएबमोजिम लिलाम बिक्री गरेर।

(२) उपदफा (१) बमोजिमको प्रकृया प्रारम्भ गर्नुअघि करदातालाई पन्ध्र दिनको म्याद सहित लिखित जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (च) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कर रकमको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ।

(४) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम साठ्ठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ५

## व्यवसाय दर्ता खारेजी तथा दण्ड जरिवाना

१७. **व्यवसाय दर्ता खारेज गर्न सकिने :** (१) कुनै करदाताले व्यवसाय बन्द गर्न चाहेमा यस ऐन बमोजिम लाग्ने कर बुझाई व्यबसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन नपरेसम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर असुल उपर गरिनेछ।

(३) व्यवसायीले यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय बन्द गर्न चाहेमा सोको कारण खोली सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम असूल गरी व्यवसाय खारेजीको लागि कर एकाईमा सिफारिस सहित पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम वडा कार्यालयबाट सिफारिस भै आएपछि कर एकाइले कागजात अध्ययन गरी लगत कट्टा बापत आर्थिक ऐनमा तोकिएको दस्तुर लिई लगत कट्टा गरी सोको जानकारी सम्बन्धित वडा कार्यालय, व्यवसायी र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयलाई दिनुपर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि लागुहुनु पुर्व दर्ता भई विगत देखि नै सञ्चालनमा नरहेका व्यवसायको हकमा लगत कट्टाको लागि कार्यालयले निश्चित अवधि तोकी आवश्यक प्रमाण सहित निवेदन पेश गर्न सूचना प्रकाशन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम लगत कट्टा गर्दा अपनाउनु पर्ने अन्य कार्यविधि समय समयमा कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ।

१८. **जरिवाना तथा थप दस्तुर लाग्ने :** (१) ऐन र यस कार्यविधि बमोजिम कर बुझाउनुपर्ने अवधिभित्र कर नबुझाएमा आर्थिक ऐनमा तोकिएको दरमा जरिवाना सहित कर असुल गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा १७ को उपदफा (६) बमोजिम लगत कट्टा हुने व्यबसायको हकमा यस दफा बमोजिमको जरिवाना लगाइने छैन।

१९. **कर नतिर्नेको विबरण प्रकाशन गर्न सक्ने :** नगरपालिकाले ऐन तथा यस कार्यविधि बमोजिम तिर्नु बुझाउनु पर्ने कर रकम दाखिला नगर्ने व्यक्ति वा संस्थाको नाम कार्यपालिकाबाट निर्णय गरी सार्वजनिक गर्न सक्नेछ।

२०. **व्यवसाय संचालन नभएको सिफारिस दिनसक्ने :** (१) प्रचलित कानून बमोजिम दर्ता भएका व्यवसाय विविध कारणले सञ्चालनमा नै आउन नसकि व्यबसाय वन्दका लागि सम्बन्धित निकायको नाममा सिफारिस लिन चाहने व्यक्तिले सोको विस्तृत कारण उल्लेख गरी संभव भएसम्मका प्रमाण संलग्न राखी सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिव देखिन आएमा आर्थिक ऐनमा तोकिएको दस्तुर लिई व्यबसाय सञ्चालनमा नरहेको व्यहोरा खुलाई आफ्नो लगतमा कट्टा गरी व्यवसाय खारेजीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने र सोको जानकारी कर एकाइलाई समेत दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम वडा कार्यालयबाट गरिने लगत सम्बन्धी अन्य कार्यविधि समय समयमा कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

२१. **व्यवसाय दर्ता/नवीकरण नगरी संचालन गरेमा कारवाही हुने** : (१) नगरपालिका क्षेत्रभित्र प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता वा नवीकरण नगरी व्यवसाय संचालन गरेको पाइएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई पैतिस दिनको म्याद दिई व्यवसाय दर्ताको लागि पत्राचार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ता वा नवीकरणका लागि जनाउ दिएको मितिले पैतिस दिनभित्र व्यवसाय दर्ता वा नवीकरण नगरेमा सम्बन्धित व्यक्तिको हकमा नगरपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु बन्द गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेको तीन महिनाभित्र पनि व्यवसाय दर्ता वा नवीकरण नगरी व्यवसाय संचालन गरेमा नगरपालिकाले बाँकी बक्यौता कर तथा जरिवाना दफा १६ को उपदफा (१) बमोजिम असुल उपर गरी दर्ता खारेजीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजम दर्ता खारेजीका लागि लेखी पठाउनु पूर्व त्यस्ता व्यवसायीको सूची सार्वजनिक गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम व्यबसाय वन्दको लागि सम्बन्धित निकायमा लेखि पठाउनु पूर्व सम्बन्धित व्यवसायीलाई आफ्नो सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

## परिच्छेद - ६

## विविध

२२. **प्रतिलिपि दिन सक्ने** : (१) व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा वा यस्तै अन्य कारणले नयाँ प्रमाणपत्र उपलब्ध गराउनु पर्ने अवस्था भएमा कर एकाईले आवश्यक जाँचबुझ गरी आर्थिक ऐनले तोकेको प्रतिलिपि दस्तुर लिई प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नवीकरण गर्ने महल खाली नभएको अवस्थामा नयाँ प्रमाणपत्र उपलब्ध गराउँदा यस दफा बमोजिमको दस्तुर लाग्ने छैन ।

२३. **प्रोत्साहन गर्न सक्ने** :नगरपालिकाले एकल महिला, सीमान्तकृत र उत्पीडित वर्ग तथा विपन्न युवाको उद्यमशीलता विकासलाई योगदान पुर्‍याउने प्रकृतिका व्यबसायलाई प्रवर्द्धन गर्न आर्थिक ऐन तथा वार्षिक नीति तथा कार्यक्रम मार्फत आवश्यक व्यबस्था गर्न सक्नेछ ।

२४. **श्रमिक सम्बन्धी व्यवस्था** : व्यवसायले नेपालको प्रचलित श्रम ऐन तथा श्रमसँग सम्बन्धित प्रचलित नियम कानूनको पूर्ण पालना गर्नुपर्नेछ ।

२५. **फोहोरमैला तथा वातावरण व्यबस्थापन** : (१) संघीय तथा प्रदेश कानून बमोजिम प्रारम्भिक वाताबरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालन गर्नुपर्ने व्यबसायको हकमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृति लिनु पर्ने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

(२)नगरपालिकाभित्र सञ्चालन हुने उद्योग वा व्यवसायले उत्पादन वा उत्सर्जन गरेको फोहोरमैला र प्रदुषणको व्यवस्थापन गर्ने जिम्मेवारी स्वयम् व्यबसायी कै हुनेछ ।

(३) व्यबसाय सञ्चालनको क्रममा उत्पादन हुने औद्योगिक, स्वास्थ्य संस्थाजन्य र हानीकारक फोहोरमैला बाहेकको अन्य साधारण फोहोरमैला नगरपालिकाले चाहेमा तोकेको सेवाशुल्क लिई व्यबस्थापन गरिदिन सक्नेछ ।

२६. **व्यवसायीले सामाजिक उत्तरदायित्व बहन गर्नुपर्ने** : (१) व्यवसायीले प्रचलित कानून बमोजिम तोकिएको नाफाको अंश सामाजिक उत्तरदायित्व शीर्षकमा छुट्याई नगरपालिकाभित्र सामाजिक सेवामा खर्च गर्न पर्नेछ ।

(२) कार्यालयले स्थानीय आवश्यकता र औचित्यका आधारमा व्यवसायीलाई सामाजिक उत्तरदायित्व शीर्षकमा छुट्याइएको रकम खर्चगर्ने क्षेत्र तोक्न सक्नेछ ।

(३) यस दफा बमोजिम सामाजिक सेवामा गरिएको खर्चको विवरण व्यवसायीले कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

२७. **वडा कार्यालयको जिम्मेवारी** : (१) आफ्नो वडाभित्र सञ्चालनमा रहेका व्यापार, व्यवसायको अभिलेख **अनुसूची -७** बमोजिमको ढाँचामा अद्यावधिक गरी सोको विवरण राख्ने जिम्मेवारी सम्बन्धित वडा कार्यालयको हुनेछ ।

(२) उपदफा (१) बमोजिम वडा कार्यालयमा विवरण अध्यावधिक नहुँदासम्म नगरपालिका क्षेत्रभित्रको सम्पूर्ण विबरण कर एकाइमा राखिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ९ बमोजिम साझेदार थपघट तथा व्यबसायको ठाउँसारी सम्बन्धी कार्य कार्यपालिकाको कार्यालयबाट सम्पादन गरिनेछ ।

२८. **अधिकार प्रत्योजन गर्न सकिने** : यस कार्यविधि कार्यन्वयनको लागि कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतमा निहित रहेको अधिकार मातहतका को अधिकृतलाई प्रत्यायोजन गर्न सकिनेछ ।

२९. **बाधा अड्काउ फुकाउने अधिकार** : (१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकारको प्रयोग गर्दा ऐन र यस कार्यविधिको मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

३०. **खारेजी र बचाउ** :(१) व्यवसाय कर समबन्धी निर्देशिका २०७५ खारेज गरिएका छन् ।

(२) उपदफा (१) मा उल्लेखित निर्देशिका बमोजिम भए गरेका काम कारवाही यसै कार्पविधि बमोजिम भए गरेको मानिनेछ ।

(३) यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(४) यस अघि नगरपालिकाबाट भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

बर्दिबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दिबास,महोत्तरी

## व्यवसाय दर्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७..।...।....**

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस गाउँ/नगरपालिकाको व्यबसाय कर व्यबस्थापन कार्यविधि, २०७६ को दफा ३ को उपदफा (२) बमोजिम हालसम्म गाउँ/नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिले यो सूचना प्रकाशन भएको ३५ (पैतिस) दिनभित्र देहायका विबरण तथा कागजात संलग्न राखी गाउँ/नगरपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचनाको म्याद भित्र निवेदन पेश नगरी सञ्चालन हुने व्यबसायलाई गाउँ/नगरपालिकाको व्यबसाय कर व्यबस्थापन कार्यविधि, २०७६ को दफा १६ बमोजिम निजलाई कार्यालयबाट फिर्ता गर्नुपर्ने भए त्यसमा कट्टी गरेर वा नेपाल सरकार, प्रदेश सरकार, गाउँ/नगरपालिका वा सरकारी स्वामित्वका संघसंस्थाबाट करदाताले पाउने रकमबाट कट्टी गर्न लगाएर वा बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टी गर्न लगाएर वा करदाताको कारोबार रोक्का गरेर वा करदाताको चल तथा अचल सम्पत्ति दावी वा रोक्का गरेर वा करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी लिलामबिक्री गरेर निजबाट लिनुपर्ने व्यबसाय कर असूल उपर गरी सोही कार्यविधिको दफा ३ को उपदफा (५) बमोजिम व्यवसाय बन्दको कारवाही समेत चलाउन सकिनेछ।

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि

(ग) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस वा सरजमिन मुचुल्का

(ङ) व्यवसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घर भाडा, पानी विजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात)

(च) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

# व्यवसाय दर्ता/नवीकरण निवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास ।

**विषय : व्यवसाय दर्ता/नवीकरण सम्बन्धमा ।**

मैले/हामीले निम्न स्थानमा सञ्चालन गर्न लागेको व्यवसाय दर्ता गर्न/सञ्चालन गरेको व्यवसाय नवीकरण गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौं । नियमानुसार लाग्ने कर बुझाउनुको साथै गाउँ/नगरपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर : ..............................................................
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)

२. व्यबसायीको स्थायी ठेगाना ............... जिल्ला ................ गा.पा./न.पा. .............. वडा नं. ........ मार्ग .................... घर नं. ......

३. व्यबसायीको बाबुको नाम, थर : ..............................................

४. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. ..... मार्ग ......... घर नं. .....

५. सम्पर्क फोन नं. ............. मोबाईल नं. ............ इमेल :...............

६. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गा धनीको नाम, थर ......................................................

७. घर जग्गा धनीको ठेगाना .................... वडा नं................ घर नं. ........................

८. व्यवसायको विवरण/प्रकृति : .......................................................

९. पूँजी लगानी रु. .................................

१०. फर्म/कम्पनीको नाम : .................................

११. परिचय पाटीको साइज : (लम्बाई ............ चौडाई ...... वर्गफिट ......)

१२. अन्यत्र दर्ता भएको भए, दर्ता नं. .................. /कार्यालय : ..............

१३. संलग्न कागजातहरु :

क) आफ्नै घर जग्गा भए जग्गा धनि प्रमाणपत्रको प्रतिलिपि-१ वा भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौतापत्र-१,

ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ वा विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१,

ग) व्यवसायीको हालसालैको पासपोर्ट साईजको फोटो २ प्रति,

घ) फर्म कम्पनी भएमा दर्ता, इजाजत प्रमाणपत्र

ङ) आन्तरिक राजस्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

मितिः .........................

............................
निवेदकको दस्तखत

**कार्यालय प्रयोजनका लागि मात्र :**

निवेदन दस्तुर : ................ दर्ता शुल्क ............ आ.ब. ............... को व्यवसाय कर ............ परिचय पाटी दस्तुर ............... जरिवाना ................ जम्मा रु ..................... लाग्ने व्यहोरा प्रमाणित गर्दछु । निजको व्यवसाय प्रमाणपत्र नं. (नवीकरणको हकमा) ................ रहेको छ ।

..................
पेश गर्ने
मिति

........................
सिफारिस गर्ने
मिति

.......................
स्वीकृत गर्ने
मिति

अनुसूची-३
(दफा ४ को उपदफा (४) संग सम्बन्धित)

**बर्दिबास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बर्दिबास**

**२नं. प्रदेश, नेपाल**

## व्यवसाय दर्ता किताब

आ.व. ..............

| क्र.स. | दर्ता मिति | दर्ता नं. | करदाता संकेत नम्बर | संचालक वा मुख्य व्यक्तिको नाम | व्यवसाय वा फर्मको नाम | फोटो | ठेगाना | वडा नं | घर नं. | फोन नं. | इमेल ठेगाना | व्यसायको किसिम | कुल पूँजी रु | व्यवसायको श्रेणी | घर जग्गा आफ्नो वा बहालमा रहेको | संचालन भएको वा हुने मिति | नवीकरण भएको आ.व. | प्रमाणित गर्नेको सही |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | |

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-४

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

**बर्दिबास नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बर्दिबास**

**२ नं.प्रदेश, नेपाल**

# व्यवसाय दर्ता प्रमाणपत्र

फोटो

मिति : २०७...। ।

करदाता नं. ................. दर्ता मिति : २०७..../ / गते

प्रमाणपत्र नं. .......

............... जिल्ला ........................... गाउँ/नगरपालिका वडा नं...... बस्ने श्री ................................लाई निजको नाममा निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाणपत्र जारी गरिएको छ।

व्यवसायको नाम : ..................................... जारी मिति : ............................

व्यवसायीको ना. प्र.नं. : ...............जारी गर्ने जिल्ला : ...............

व्यवसाय सञ्चालन भएको वा हुने मिति : .........................

व्यवसाय रहने स्थान : ...............................

बाटोको नाम : .................... घर नं. .............. टोल ....................

व्यवसाय रहने घर/जग्गाधनीको नाम : ......................................

व्यवसायको प्रकृति : ......................................................

पूँजी लगानी (रु.मा) : .......................................

व्यवसायको वर्ग : ..........

परिचय पाटीको साइज : ...............................

| | | |
|---|---|---|
| ............ | .................. | .................... |
| संचालक | तयार गर्ने | जारी गर्ने |

१) व्यबसायीले प्रत्येक आर्थिक वर्षको लागि तोकिएको व्यबसाय कर उक्त आ.व. को आषाढ महिनाभित्र बुझाई प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ। गाउँ/नगरपालिकाबाट स्थलगत रुपमा व्यवसाय कर टोली खटाइएको अवस्थामा व्यवसायीको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नवीकरण गर्न सकिनेछ।

२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा वडा कार्यालयको सिफारिसमा गाउँ/नगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ।

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

३) व्यवसाय बन्द गर्नु परेमा व्यवसायीले गाउँ/नगरपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कर एकाईबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्नेछ । अन्यथा व्यवसाय चालु नै रहेको मानी सालवसाली रुपमा कर लाग्नेछ ।

४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राख्नु पर्नेछ । यस्तो प्रमाणपत्र गाउँ/नगरपालिकाका कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्नेछ ।

५) व्यवसायिक गतिविधि सञ्चालन गर्दा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन । यदि सो गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।

६) व्यवसायबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायी स्वयंको हुनेछ ।

७) व्यवसाय सञ्चालनको सिलसिलामा गाउँ/नगरपालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

८) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँ/नगरपालिकाले जनुसुकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्दको कारवाही समेत गर्न सक्नेछ ।

९) यो प्रमाणपत्र गाउँ/नगरपालिकाको स्थानीय कर प्रयोजनको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र सञ्चालन गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## नवीकरण सम्बन्धी विबरण

| क्र. सं. | आर्थिक वर्ष | नवीकरण गरेको मिति | कर तथा शुल्क र जरिवाना तिरेको रसिद नं. | रसिदको मिति | नवीकरण गर्नेको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-५

( दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

# व्यबसाय वर्गीकरणको ढाँचा

| क्र.सं. | व्यवसायको किसिम | दर्ता दस्तुर | वार्षिक कर | | |
|---|---|---|---|---|---|
| | | | क वर्ग | ख वर्ग | ग वर्ग |
| १ | **ब्यापारिक वस्तु** | | ... करोड भन्दा बढी पुँजि लगानी भएका वा डिलर | ... लाख देखि ... करोड सम्म पुँजि लगानी भएका | .... लाख भन्दा कम पुँजि लगानी भएका |
| १.१ | डिपार्टमेन्ट स्टोर | | | | |
| १.२ | ज्वलरी, इलेक्ट्रोनिक्स आदि | | | | |
| १.३ | निर्माण सामग्री, फर्निसिङ्ग, विद्युतिय सामग्री, पेन्ट, आदि | | | | |
| | इटा वालुवा डिपो, पेट्रोलियम पदार्थ | | | | |
| १.४ | सवारी साधन, मेसिनरी तथा मेसिनरी पार्टस्, लुब्रीकेन्टस आदि | | | | |
| १.५ | सवै किसिमका औषधि पसल | | | | |
| १.६ | दैनिक उपभोग्य खाद्य पदार्थ, कपडा, कस्टमेटिक, भाँडा, जुत्ता पसल आदि | | | | |
| १.७ | क्युरियो, स्टेशसनरी तथा पुस्तक पसल | | | | |
| १.८ | फलफुल, सागसब्जी, मासु | | | | |
| १.९ | अन्य ब्यापारिक वस्तु | | | | **ब्यक्तिगत** |
| २. | **विषेशज्ञ सेवा** | | **संस्थागत** | | |
| २.१ | चिकित्सक र इन्जिनियर | | | | |
| २.२ | सेयर दलाल, कानून व्यवसाय, लेखापढी, विज्ञापन, लेखापरिक्षक, मेनपावर सप्लायर्स, पेन्टर, सर्भेयर, काफ्टिङ्ग, कार्भिङ्ग आदि | | | | |
| २.३ | अनुसंधान, सर्भेयर, अनुवादक आदि | | | मझौला | साना |
| ३. | **सेवा ब्यवसाय** | | ठूला | | |
| ३.१ | निर्माण ब्यवसाय | | | | |
| ३.२ | ढुवानी सेवा | | | | |

| क्र.सं. | ब्यवसायको किसिम | दर्ता दस्तुर | वार्षिक कर | | |
|---|---|---|---|---|---|
| | | | क बर्ग | ख बर्ग | ग बर्ग |
| ३.३ | यातायात सेवा | | | | |
| ३.४ | ब्युटि पार्लर, मसाज, शैलुन, पेन्टिङ्ग आदि | | | | |
| ३.५ | पार्टि प्यालेस, टेन्ट हाउस, क्याटरिङ्ग आदि | | | | |
| ३.६ | केवल, इन्टरनेट, एफएम, रेडियो, कम्युनिकेशन, फोटो आदि | | | | |
| ३.७ | रेस्टुरा, खाजा घर, मिठाई पसल, दुध दही पसल आदि | | | | |
| ३.८ | मर्मत तथा सिलाई कटाई सेवा | | | | |
| ३.९ | रियल स्टेट | | | | |
| ३.१० | पुल हाउस, जिम, साउना आदि | | | | |
| ३.११ | अन्य सेवा | | | | |
| ४ | **उद्योग** | | ... करोड भन्दा बढी पुँजि लगानी भएका | ...करोड देखि ... करोड सम्म पुँजि लगानी भएका | ... करोड भन्दा कम पुँजि लगानी भएका |
| ४.१ | स्थानीय कच्चा पदार्थ उपयोग गरि संचालित इटा उद्योग | | | | |
| | पानी उद्योग | | | | |
| ४.२ | वालुवा, ढुङ्गा जस्ता खानी जन्य पदार्थ प्रसोधन गर्ने उद्योग | | | | |
| ४.३ | पर्यटन मुलक उद्योग ( होटल, लज, रिसोर्ट, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, स्कीङ्ग, ग्लाईडिङ्ग आदि) | | | | |
| ४.४ | उत्पादन मूलक उद्योग ( छापाखाना, चलचित्र, प्लाई उड, ह्युमपाईप, प्यानल, ग्रील, ब्लक, काजग, काठ, प्लास्टीक, औषधी आदि) | | | | |
| ४.५ | कृषिमा आधारित उद्योग (चामल मिल, विस्कुट, वेकरी, पोल्ट्री, डेरी, शित भण्डार, दाना आदि) | | | | |
| ४.६ | अन्य उद्योग | | | | |

| क.सं. | व्यवसायको किसिम | दर्ता दस्तुर | वार्षिक कर | | |
|---|---|---|---|---|---|
| | | | क बर्ग | ख बर्ग | ग बर्ग |
| ५ | **वित्तिय सेवा** | | | | |
| ५.१ | बैंक, विकास<br>बैंक/फाईनान्स र लधुवित्त संस्थाको मुख्य कार्यालय | | | | |
| ५.२ | बैंक, विकास<br>बैंक/फाईनान्स र लधुवित्त संस्थाको शाखा कार्यालय | | | | |
| ५.३ | विमा कम्पनी, सहकारी र मुद्रा सटही | | | | |
| ६. | **स्वास्थ्य सेवा** | | **... करोड भन्दा बढी पुँजि लगानी भएका** | **... करोड देखि ... करोड सम्म पुँजि लगानी भएका** | **.... करोड भन्दा कम पुँजि लगानी भएका** |
| ६.१ | निजी क्षेत्रवाट संचालित नर्सिङ्ग होम तथा अस्पताल | | | | |
| ६.२ | क्लिनिक तथा ल्याव, फिजियोथेरापी | | | | |
| ६.३ | अन्य स्वास्थ्य सेवा | | | | |
| ७. | **शिक्षा सेवा** | | **उच्च शिक्षा** | **माध्यमिक तह** | **आधारभूत तह** |
| ७.१ | संस्थागत विद्यालय | | | | |
| ७.२ | भाषा प्रशिक्षण | | | | |
| ७.३ | तालिम केन्द्र तथा अन्य शैक्षिक सेवा | | | | |
| ८ | **माथि नपरेका अन्य** | | | | |

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ६
(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

# व्यवसाय कर निर्धारण

करदाता परिचयपत्र नं. : ........................................

करदाताको नामः..................................................

ठेगानाः..................................................

कर निर्धारण गरेको आर्थिक वर्षः..............................

कर निर्धारण गरेको मिति : ....................................

| व्यवसायको विवरण | कर लाग्ने कुल रकम | ......... प्रतिशतले कायम हुने कर | अग्रिम दाखिला गरेको रकम | अब दाखिला गर्न बाँकी रकम | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |
| | | | | | |
| गत विगत वर्षको बक्यौता | | | | | |
| जम्मा : | | | | | |

कर अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-७

( दफा २७ को उपदफा (१) संग सम्बन्धित)

**बर्दिबास नगरपालिका**

..........नं. वडा कार्यालय

................, २ नं. प्रदेश, नेपाल

# वडामा रहेका व्यवसायको विवरण

| क्र.स. | व्यवसायीको नाम | व्यवसाय/फर्मको नाम | ठेगाना | सम्पर्क नं. | दर्ता/नवीकरण भए/नभएको (आर्थिक वर्ष समेत उल्लेख गर्ने) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

रेवती प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-८ ( दफा ७ को उपदफा (४) सँग सम्बन्धित )

## व्यवसाय कर स्वःघोषणा फाराम

श्रीमान्प्रमुख प्रशासकीय अधिकृतज्यू,
बर्दिबास नगरपलिका,
नगर कार्यपालिकाको कार्यालय बर्दिबास ।

यस नगरपालिकाको व्यवसाय कर सम्वन्धि कार्यविधि २०७८ मा भएको व्यवस्था अनुसार मैले/हामीले गरेको व्यबसायलाई कारोवारको आधारमा व्यवसाय कर निर्धारण गर्नको लागि तपशिलमा लेखिए बमोजिमको विवरण अनुसार व्यवसाय करको स्वःघोषणा फारम भरी पेश गरेको छु/छौं । नियमानुसार लाग्ने कर बुझाउनुका साथै कमलामाई नगरपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायको नाम, थर : ...............................................................
२.व्यवसायीको नाम, थरः.................................................... (फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)
३. व्यबसायीको स्थायी ठेगाना ........... जिल्ला ............ गा.पा. / न.पा. ........... वडा नं. ........
मार्ग ................. घर नं. ......
४. व्यबसायीको बाबुको नाम, थर : ..............................................
५. व्यवसाय रहने स्थानको ठेगाना :, वडा नं. ..... मार्ग ......... घर नं. .....
६. सम्पर्क फोन नं. .............. मोबाईल नं. ............ इमेल :...............
७. भाडामा भएको भए व्यवसाय रहने घर र जग्गा धनीको नाम, थर
..............................................................
८. घर जग्गा धनीको ठेगाना ..................... वडा नं............... घर नं. ......................
९. व्यवसायको विवरण/प्रकृति : ...................................................
१०. पूँजी लगानी रु. ................................

११. व्यवसायको वार्षिक आर्थिक कारोवार रकम रु..............................
१२. अन्यत्र दर्ता भएको भए, दर्ता नं. .................... /कार्यालय : ..............

विवरण दाखिला गर्नेको दस्तखतः
नामं,थरः-
ठेगानाः-
मितिः

| | हस्ताक्षर |
|---|---|
| ... नगर उपप्रमुख | |
| ३. श्री चुडामणी पोखरेल - वडाध्यक्ष १ | कृ. ... माया |
| ४. श्री चोलाराज प्याकुरेल - वडाध्यक्ष २ | |
| ५. श्री राजन ढुंजाना - वडाध्यक्ष ३ | |
| ६. श्री दिप बहादुर कार्की - वडाध्यक्ष ४ | |
| ७. श्री दल बहादुर थापा - वडाध्यक्ष ५ | |
| ८. श्री पदम बहादुर आले - वडाध्यक्ष ६ | |
| ९. श्री फाल्गुण सुस्लिङ्ग - वडाध्यक्ष ७ | |
| १०. श्री सम्सेर सिंह लामा - वडाध्यक्ष ८ | |
| ११. श्री टेकवीर रखआल - वडाध्यक्ष ९ | |
| १२. श्री धनलाल श्रेष्ठ - वडाध्यक्ष १० | |
| १३. श्री धन बहादुर लामा - वडाध्यक्ष ११ | |
| १४. श्री रामकिशोर साह - वडाध्यक्ष १२ | |
| १५. श्री श्याम प्रसाद राउत - वडाध्यक्ष १३ | |
| १६. श्री भरत बहादुर लामा - वडाध्यक्ष १४ | |
| १७. श्री चलक बहादुर माझी कुशवाहा - सदस्य | |
| १८. श्री सुर्य बहादुर बि. क. - सदस्य | |
| १९. श्री कल्पेश्वर ठाकुर - सदस्य | |
| २०. श्री टिकामाया वि. क. - सदस्य | |
| २१. श्री इन्दु सिँह - सदस्य | |
| २२. श्री कुमारी महतो - सदस्य | ठा ५ ल२०१२ ठा का२ |
| २३. श्री कलादेवी महतो - सदस्य | |
| २४. श्री बच्ची कुमारी नेपली - सदस्य | |
| २५. श्री रेवती प्रसाद पराजुली- सदस्य सचिव | |

**आमन्त्रित -**

१. श्री सविर कुमार महतो - अधिकृत

२. श्री श्रमिला कुं. तामाङ - ले. अ.

३. श्री [illegible] अ.

आ. व. २०७७/०७८ मा समझौता भई सञ्चालनमा रहेका तपसिलका संलग्न क्रमागत योजना तथा अन्य योजनाहरुको रकम आ. व. २०७८/०७९ मा कार्यसम्पन्न प्रतिवेदन अनुसार भुक्तानी दिने निर्णय गरियो ।

भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको जग्गा नाँपजाँच सम्बन्धी कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

तपसिलका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो:

व्यवसाय कर सम्बन्धी कार्यविधि २०७८

घर वहाल कर व्यवस्थापन कार्यविधि २०७८

साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८

सुरक्षित खानेपानी युक्त समुदाय घोषणा निर्देशिका २०७८

खानेपानी गुणस्तर अनुगमण निर्देशिका २०७८

व. २०७७/०७८ मा पदपुर्ति हुन नसकेका नगर शिक्षकहरुको पदपुर्तिका लागि आ. व. २०७८/०७९ मा पुनः ...ापन गर्ने निर्णय गरियो।

व. २०७७/०७८ को विज्ञापन करमा कोरोना माहामारीले सिर्जित विषम परिस्थितिलाई मध्यनजर गरी ...(पन्ध्र प्रतिशत) छुट दिने र आ. व. २०७८/०७९ को विज्ञापन कर ठेक्का सम्बन्धी सूचना प्रकाशन गर्ने ...य गरियो।

व. २०७८/०७९ को लागि नगर स्तरिय दर रेट निर्धारण समितिबाट पेश भएको नगर दररेट स्वीकृती गर्ने ...य गरियो।

...से लास व्यवस्थापन वापत प्रति लास रु. ५,०००/-(अक्षरेपी रु. पाँच हजार) दिने निर्णय गरियो ।

...लाको नदीजन्य पदार्थ उत्खनन सम्बन्धी प्राविधिक प्रतिवेदन अनुसार कार्यालयबाट भएको पत्राचारको ...actor हरुबाट आएको जवाफ एवम् माग दावी जानकारी भयो र सो सम्बन्धमा अर्को वैठकमा थप ...ल गर्ने निर्णय गरियो ।

...स जनसेवा हस्पिटलको २५ बेड संख्या बिस्तारका लागि पेश भएको र निर्मल आर्गनिक किसान वायोटेक ...लि. को माछा पोखरी निर्माणका लागि पेश भएको IEE प्रतिवेदन प्राविधिक समितिको राय समेतका ...मा स्वीकृत गर्ने निर्णय गरियो।

...्य पदार्थको Stock विवरण सम्बन्धमा यस नगरपालिका भित्र रहेका सम्पूर्ण क्रसर तथा वालुवा प्रशोधन ...हरुलाई आधिकारिक प्राविधिकबाट स्रोत सहित नदिजन्य पदार्थ संकलन, उत्खनन बिक्री व्यवस्थापन ...ि २०७७ बमोजिम १० दिन भित्र कार्यालयमा पेश गर्न पत्रचार गर्ने निर्णय गरियो ।

...ठेक्काको सूचना पुनः प्रकाशन गर्ने निर्णय गरियो।